# प्रेस विज्ञप्ती

नागरिक उड्डयन एवं पर्यटन क्षेत्रको समग्र विकासको निम्ति माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री योगेश कुमार भट्टराईज्यूद्धारा घोषणा गरिएको १४१ वुंदे कार्ययोजना मध्ये त्रि.अ.वि.ना.उ.का. र त्रि.अ.वि. स्थित सरोकारवाला निकायहरुवाट सम्पादन गर्नुपर्ने कामको सम्वन्धमा आवश्यक छलफल तथा निर्देशन दिने उद्वेश्यले मिति २०७६।०५।२६ गते विहिवार माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको विशेष उपस्थितिमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवज्यू, नागरिक उड्डयन प्राधिकरणका निमित्त महानिर्देशकज्यू, त्रि.अ.वि.ना.उ.कार्यालयका महाप्रवन्धकज्यू, मन्त्रालयका सहसचिव, त्रि.अ.वि. अध्यागमन कार्यालय प्रमुख, भन्सार कार्यालय त्रि.अ.वि.का नि. प्रमुख, विमानस्थल सुरक्षा कार्यालयका नि. प्रमुख, नेपाल वायूसेवा निगमका पदाधिकारी, त्रि.अ.वि.ना.उ.कार्यालयका सम्वद्ध पदाधिकारी, अर्न्तराष्ट्रिय वायूसेवा संघका प्रतिनिधिहरु लगायतको उपस्थित रहेको कार्यक्रममा देहाय बमोजिम छलफल, निर्देशन एवं निर्णय भयो ।

१. त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थललाई वुटिक एयरपोर्टको रुपमा विकास गर्ने उद्वेश्यले सम्माननीय प्रधानमन्त्रीज्यूवाट उद्घोष भए वमोजिमका कार्ययोजना वमोजिम भए गरेका कार्यहरुको प्रगति विवरण विमानस्थलका महाप्रवन्धकवाट प्रस्तुत हुनुका साथै उल्लिखित कार्यहरु निर्धारित कार्यतालिका भित्र सम्पन्न गर्न माननीय मन्त्रीज्यूवाट विशेष निर्देशन प्रदान गरिएको ।

२. विमानस्थल भएर आउने आगमन यात्रुहरुलाई आगमन भन्सार क्षेत्रमा Metal Free को नाममा अनावश्यक सास्ती व्यहोर्नु परेको र त्यस्तो कार्य अर्न्तराष्ट्रिय र प्रचलित व्यवहार प्रतिकुल पनि रहेकोले सो कार्य तत्काल वन्द गरी यात्रुहरुलाई सहजता प्रदान गर्ने विषयमा छलफल हुँदा हाललाई Random Basis मा यात्रुहरुको Screening गर्ने र सम्वद्ध मन्त्रालय वा उपल्लो निकायमा समेत आवश्यक समन्वय गरी सो क्षेत्रलाई Screening Free गरी यात्रुहरुलाई सहजता प्रदान गर्ने तर्फ माननिय मन्त्रीज्यूवाट विशेष पहल हुने निर्देशन प्राप्त भएको ।

३. विमानस्थलमा संचालन भईरहेका ट्याक्सीहरुको हालको गुणस्तरको मूल्यांकन गरी यात्रुहरुलाई वढी भन्दा वढी सहजता प्रदान गर्नको निम्ति अर्न्तराष्ट्रिय प्रचलनहरुलाई समेत दृष्टिगत गरी त्यस्ता ट्याक्सीहरुको गुणस्तर, मापदण्ड, भाडादर आदी विषयमा १ महिना भित्र प्रतिवेदन पेश गर्नको निम्ति विमानस्थलस्थित सवारी साधन एवं पार्किङ्ग अनुगमन कमिटीलाई माननीय मन्त्रीज्यूवाट निर्देशन प्राप्त भएको ।

४. विमानस्थलको सरसफाई, साजसज्जा, फूल वगैंचाहरुको अवस्था चुस्त दुरुस्त राख्ने, यात्रुहरुको सेवा सुविधा प्रवाहलाई समयानुकुल परिमार्जन गरी गुणस्तर अभिवृद्धी गर्ने कार्यमा विमानस्थल व्यवस्थापनलाई विशेष पहल गर्ने निर्देशन दिदैं सो कार्यमा अवरोध, ढिलासुस्ती गर्ने व्यक्ति, कम्पनी वा संस्थालाई कठोर कारवाही गर्न समेत माननीय मन्त्रीज्यूवाट निर्देशन प्राप्त भएको ।

५. विमानस्थल प्रयोग गर्ने First Class र Business Class का यात्रुहरुलाई Priority Check In, Immigration Boarding र Baggage Clearance को व्यवस्था मिलाउन, छुट्टै Pick up and Drop को व्यवस्था गर्न, वृद्ध, अशक्त तथा अपाङ्ग यात्रुहरुलाई प्राथमिकतामा Check In, Immigration Boarding र विश्रामको व्यवस्था मिलाउन र साझा यातायात एवं पर्यटक यातायात संस्थासंग छलफल एवं सहकार्यमा विमानस्थलवाट शहरका विभिन्न पर्यटकीय क्षेत्रमा सरल बस संचालन गर्ने व्यवस्था मिलाउन निर्देशन प्राप्त भएको । सो निर्देशन सम्वन्धमा आवश्यक छलफल तथा निर्णय गर्नको लागी सम्वद्ध सरोकारवाला सहितको वैठक गर्नको लागी विमानस्थल व्यवस्थापनले मिति २०७६।०५।२९ गते आईतवार अपरान्ह वैठकको आयोजना गर्ने ।

६. विमानस्थल स्थित ड्यूटी फ्रि शप पूनः संचालनको निम्ति विक्री गरिने सामानहरुको सूची सहित विमानस्थल व्यवस्थापनवाट यथाशिघ्र पेश गर्ने र मन्त्रालयस्तरवाट सम्वन्धित निकायमा समन्वय गरी ड्यूटी फ्रि शप संचालन को लागी पहल गर्ने अश्वासन माननीय मन्त्रीज्यूवाट प्राप्त भएको ।

७. परिवर्तन सानो सानो प्रयास वाट समेत प्रतिविम्वित हुन सक्ने भएकोले सकारात्मक सोचका साथ अघि वढ्न र आफुले सम्पादन गरेका राम्रा कार्य एवं सेवासुविधाहरुलाई आवश्यक प्रचारप्रसार गरी सर्वसाधारणको पहुँच विस्तार गर्नको लागी समयानुकुल Information Technology हरुको अवलम्वन गरी आवश्यक परेको खण्डमा विमानस्थलमा Smart IT/Media Section समेत स्थापना गरी अघि वढ्न माननीय मन्त्रीज्यूवाट विशेष निर्देशन प्राप्त भएको ।

आज भए गरेका छलफल तथा निर्णयहरुको अनुगमन, पुनरावलोकनको निम्ति १ महिना पछि पूनः वैठक वस्ने जानकारी समेत प्राप्त भएको । स्मरण रहोस ठिक १ महिना अघि समेत माननीय मन्त्रीज्यूवाट यस्तै प्रकारको वैठक विगतमा सम्पन्न भै सकेको छ ।

राजकुमार क्षेत्री
महाप्रवन्धक
त्रि.अ.वि.ना.उ.का., गौचर ।